निर्णय प्रमाणित

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत २०८१/९/१९

# मिति २०८१ साल पौष १९ गते शुक्रवार बसेको नगर कार्यपालिकाको निर्णयहरु

| निर्णय नं. | प्रस्ताव/ विषय | निर्णय |
|---|---|---|
| १ | अघिल्लो बैठकको समिक्षा सम्वन्धमा | अघिल्लो बैठकले गरेका सवै निर्णयहरु कार्यन्वयनको क्रममा रहेको पाईयो । |
| २ | अर्धवार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई सम्वन्धमा । | आ.व. २०८१/८२ को अर्धवार्षिक समिक्षा मिति २०८१/१०/०४ गते बिहान १०.०० वजे गर्ने तथा पहिलो सार्वजिनक सुनुवाई मिति २०८१/१०/०४ गते दिउसो १२.०० वजेवाट नगरपालिकाको वडा न ५ मा संचालन गर्ने। |
| ३ | नगर प्रहरी तर्फ<br>१. नियुक्ति<br>२. तालिम<br>३. सेवा सुविधा<br>४. जिम्मेवारी थप<br>५. नगर प्रहरी ब्यारेक निर्माण | १. नगर प्रहरी छनौटका लागि पदपूर्ति समितिवाट सिफारिस भई आए बमोजिम नियुक्ति दिन सहमती प्रदान गर्ने ।<br>➢ नगर प्रहरी सहायक निरीक्षक श्री कुमार थापा<br>➢ नगर प्रहरी हवल्दार श्री सन्त बहादुर तामाङ<br>➢ नगर प्रहरी जवान श्री भुपाल श्रेष्ठ<br>➢ नगर प्रहरी जवान श्री सम्झना रिमाल<br>२. नगर प्रहरी संचालन व्यवस्थापन कार्यविधिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराउने ।<br>३. नियुक्त भएका नगर प्रहरीलाई आवश्यकता बमोजिम तालिम प्रदान गर्ने र सोको खर्च ब्यवस्थापन कर्मचारी प्रोत्साहन शिर्षकवाट खर्च लेखे<br>४. वारुणयन्त्र कर्मचारीलाइ नगर प्रहरीको मातहतमा राखी सन्चालन गर्ने ।<br>५. नगर प्रहरीको ब्यारेक साविक साझाको भवनमा मर्मत सम्भार गरी ब्यवस्थापन गर्ने र सो प्रयोजनाका लागि पेश भएको लागत अनुमान रु ७२३८६२।८२ स्विकृत गरी सो को ब्यवस्थापन मर्मत सम्भार शिर्षक/बचत हुने उपयुक्त शिर्षकवाट खर्च लेखे । |
| ४ | लेटाङ नगरपालिकाको रिक्त ईन्जिनियर पदमा नियुक्ति सम्वन्धमा । | लेटाङ नगरपालिकामा ईन्जिनियर पदमा कार्यरत ई.प्रशान्त धिमालले राजिनामा स्वीकृत गराई सेवावाट अलग भए पश्चात नियमित प्राविधिक कार्य सञ्चालनमा असर परेको हुदा प्राप्त आवेदक मध्ये इन्जिनियर बिरेन्द्र चौधरी लाई अर्को व्यवस्था नभएसम्मका लागि ईन्जिनियर पदको आधारभुत तलव स्केलमा नघट्ने गरी तलव सुविधा दिने गरी डोरहाजिरीमा कामकाजमा लगाउने । |
| ५ | संस्था दर्ता सम्वन्धमा । | लेटाङ नगरपालिका वडा नं. ४ मा कार्यालय रहेको लेटाङ साहित्य कला संगम लेटाङ मोरङको संस्था दर्ताका लागि सम्वन्धित शाखावाट सिफारिस भई आए बमोजिम संस्था दर्ता गर्न सहमती प्रदान गर्ने । |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ६ | भेरिएसन आदेश स्विकृती सम्बन्धमा । | लेटाङ नगर अस्पतालको अस्पताल टाईलिङ एण्ड पार्टिसियन अन्तरगत खरिद ब्यवस्थापन गरीएको योजनाको प्राविधिक शाखावाट पेश भए वमोजिम १३.१ प्रतिशत भेरिएसन आदेश स्वीकृत गर्ने । |
| ७ | कार्यविधि निर्माण | लेटाङ नगरपालिकाको पशु अस्पताल सन्चालन कार्यविधि निर्माण निर्माण गर्न आर्थिक समितिलाइ जिम्मेवारी दिने । |
| ८ | म्याद थप सम्बन्धमा | नगरपालिकामा कार्यरत करार र डोर हाजिरीका कर्मचारीको २०८२ साल असार मसान्तसम्म म्याद थप गर्ने । |
| ९ | प्रोत्साहन सम्वन्धमा | नगरकार्पालिकाको निर्णय अनुसार नदीजन्य पदार्थ नियमनमा खटिएका ५ जना कर्मचारीहरुलाइ खाजा खाना वापत दैनिक रु ३००। का दरले ७२ दिनको भूत्तानी दिने । |
| १० | सिफारिस सम्बन्धमा | लेटाङ नगरपालिका वडा न २ को मिलनचोक बालकेनद सडकको डिपिआर समेत भइ येजना अधुरो रहेकोले सो सम्पन्न गर्न शहरी विका मान्त्रालयलाइ सिफारिस गर्ने । |
| ११ | सिफारिस सम्वन्धमा | लेटाङ नगरपालिका वडा न २ को पानीटयाङ्की लम्साल टोलमा सडक अधुरो रहेकोले सो सम्पन्न गर्न शहरी विकास मान्त्रालयलाइ सिफारिस गर्ने । |
| १२ | सिफारिस सम्बन्धमा | लेटाङ नगरपालिका वडा न ८ र ९ को सिमाना बाटो हुदैं लेटाङ ५ खेरुवा खोला सम्मको सडकको डिपिआर समेत भइ योजना अधुरो रहेकोले सो सम्पन्न गर्न शहरी विकास मान्त्रालयलाइ सिफारिस गर्ने । |
| १३ | बजेट बिनियोजन सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ९ मा अवस्थित नेपाल आदिवासी जनजाति महासंघलाई लेटाङ ९ मा आदिवासी जनजाती संग्राहलय व्यवस्थापनका लागि रू३०००००/- बजेट बिनियोजन गर्ने। (श्रोतः भैपरी पुँजिगत खर्च)<br>२. लेटाङ नगरपालिका वडा नं ५ करमबोटे टोल अन्तर्गत बास्तोले खोल्सी खानेपानी करमबोटेमा कलेक्ससन ट्याङ्की निर्माण गर्न रू २०००००/- बजेट बिनियोजन गर्ने। (श्रोतः चुरेको मुहान संरक्षण) |
| १४ | आर्थिक सहयोग सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ६ मा अवस्थित श्री सुनिता लामाको मितिः२०८१।०९।०६ गते आगोलागी भई क्षति भएको साथै निजहरू विपन्न नागरिक रहेको भनी माग निवेदन र वडाको सिफारिस प्राप्त भएकाले निजलाई आर्थिक सहयोग स्वरूप रू१००००/- प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)<br>२. धिमाल जातीय विकास केन्द्र, केन्द्रिय समिति केन्द्रिय समितिको कार्यालयबाट संस्कृती मौलिकता र स्वास्थ्य खाना भन्ने नाराका साथ चिचिरी/ गेन्द्रो दिवस २०८१ कार्यक्रम संचालन गर्नका लागि आर्थिक सहयोग माग गरेकोमा निजलाई रू१०००० आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः कार्यक्रम खर्च)<br>३.लेटाङ नगरपालिका वडा नं ५ मा अवस्थित स्वामी गौडा माथी जिरिखिम्ति मार्गमा पैनिको पानिले बिगारेको सडक मर्मत तथा कल्भर्ट निर्माणका लागि रू ३०००००/- बजेट बिनियोजन गर्ने (श्रोतः विपद् व्यवस्थापन कोष) |

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ७ को आर्थिक वर्ष: २०८१।८२ को देहायको स्विकृत कार्यक्रमहरू प्रधानमन्त्री रोजगार सँग साझेदारी गर्ने।<br>देहाय:<br>१ महेन्द्र मा.वि. गेट निर्माण १०००००<br>२ मालिङगेनी पित्लुम्बा फुर्केटार सिकारीथुम्का खानेपानी टयांकी निर्माण पाईप खरिद तथा धारा निर्माण २१००००<br>३ फेदापजुङमा प्लास्टिक पोखरी तथा थोपा सिचाई सेट निर्माण १००००<br>४ महेन्द्र मा.वि. शौचालय निर्माण ५००००० प्रदेश अनुदान<br>५. लेटाङ नगरपालिका वडा नं ७ को मलिबासे टोलमा आवत जावत गर्नका लागि झोलुङ्गे पुल देखि मलिबासे सम्म गोरेटो बाटो निर्माण कार्य प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गर्ने। |